# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०६।३० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

नापी कार्यालय भक्तपुरमा कार्यरत नापी सर्भेक्षक सिद्धराज जोशीले जग्गा हालसाविक गर्न नापी कार्यालय भक्तपुरबाट तोक आदेश भई फिल्ड नाप जाँच गर्ने क्रममा फिल्ड खर्च भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गालबाट खटिई गएको टोलीले निज सर्भेक्षक सिद्ध राज जोशीलाई सेवाग्राहीसँग रु.८,०००।-(आठ हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा निज सर्वेक्षक सिद्ध राजजोशी र सर्वेक्षक वीरभद्र जोशीले एकआपसको मिलेमतोमा नियमानुसार गर्नुपर्ने काममा आलटाल गरी विभिन्न बहाना बनाई, आफूले गर्नुपर्ने कामको लागि सेवाग्राहीसँग घुस रकम माग गरी लिई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि हुन आएकोले निजहरू सर्भेक्षकद्वय सिद्ध राज जोशी र वीरभद्र जोशीलाई विगो रू.८,०००।— (आठ हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**

**प्रवक्ता**